नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरूः-

१. श्री गृह मन्त्रालय, सूचना प्रविधि शाखा, सिंहदरबार, काठमाडौंको च.नं. २६६, मिति २०८०-०२-१९ को सार्वजनिक निकायका सामाजिक सञ्जालका आधिकारिक खाताहरू नियमित सञ्चालन विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा सार्वजनिक सेवा प्रवाह, गुनासो व्यवस्थापन तथा सूचना आदान प्रदान गर्नका लागि सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा देहायअनुसार गर्ने, गराउने ।

क. कार्यालयहरूले विगतमा खोलेर सञ्चालनमा ल्याएका तर हाल नियमित सञ्चालनमा नरहेका सामाजिक सञ्जालका आधिकारिक खाताहरू **सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५** अनुसार यथाशीघ्र सञ्चालनमा ल्याउने,

ख. कार्यालयहरूले विगतमा यस्ता खाता खोलेर सञ्चालनमा नल्याएको भए शीघ्र नयाँ खाता खोली सञ्चालनमा ल्याउने,

ग. नागरिकका गुनासा तथा समस्याहरू सामाजिक सञ्जाल मार्फत पनि छिटो समाधान गर्ने, आफ्ना सूचनाहरू नियमित रूपमा अपडेट गर्ने, सार्वजनिक निकायहरूबीच अन्तर-आबद्धता कायम गर्ने तथा हेलो सरकार सामाजिक सञ्जालबाट प्रेषित नागरिकका गुनासोसालई आवश्यक सम्बोधन गर्ने ।

२. श्री गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ४७७, मिति २०८०-०२-१९ को निर्देशन विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा कतिपय कर्मचारीहरूले अनुपयुक्त, अव्यवसायिक गतिविधि तथा पदको गम्भिरता र महत्वलाई ध्यान नदिई टिकटकमा अनावश्यक र उछृंखल किसिमका भिडियोहरू पोष्ट गर्ने गरेको पाइएको सन्दर्भमा देहायअनुसार गर्ने, गराउने ।

क. कार्यालय समयमा, कार्यालय परिसरभित्र र कर्मचारी पोसाकमा टिकटक जस्ता भिडियो खिचेर सामाजिक सञ्जालमा नराख्ने,

ख. सरकारी सवारी साधनको प्रयोग गरी टिकटक जस्ता भिडियो खिचेर सामाजिक सञ्जालमा नराख्ने,

ग. कार्यालयसँग सम्बन्धित संवेदनशील काम कारबाहीकको जानकारी, गोप्य कागजात आदि सामाजिक सञ्जाल मार्फत सेयर नगर्ने, नगराउने,

घ. कार्यालयको काम कारबाहीको विवरण जानकारी गराउँदा, सार्वजनिक गर्दा व्यक्तिगत प्रचार-प्रसार र जस लिने आशयले नगर्ने,

ङ. आफ्नो नियमित कर्तव्यभित्र पर्ने सरकारी कामकाज गरेको विषयलाई अनावश्यक तन्काएर विज्ञापन गरेको जस्तो देखिने गरी सामाजिक सञ्जालहरूमा समेत नराख्ने,

च. सार्वजनिक पदधारण गरेका सबै राष्ट्रसेवक कर्मचारीहरूले पदीय जिम्मेवारीलाई नकारात्मक प्रभाव पार्ने खालको विषयवस्तु सामाजिक सञ्जालमा नराख्ने ।

२०८०।०३।०५

निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

३. श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको च.नं. ५८७२६, मिति २०८०-०२-२१ को निर्णय कार्यान्वयन विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा जिल्लास्थित कार्यालयहरूले आ-आफ्ना कार्यालयमा कार्यरत कर्मचारीहरूले आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समयभित्र सम्बन्धित निकायमा बुझाए/नबुझाएको यकीन गर्ने र नबुझाएकाहरूलाई प्रत्येक आ.व. को जनही रू.५,०००/- का दरले जरिवाना (संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा दाखिला गर्ने) गरी ३० दिनभित्र सम्पत्ति विवरण भर्न लगाई सम्बन्धित निकायमा पेश गर्न लगाउने । साथै, प्रत्येक कार्यालयमा कार्यरत स्थायी, अस्थायी, करार समेतका कर्मचारीहरूको चालु आर्थिक वर्ष २०७९/०८० को सम्पत्ति विवरण समेत निर्धारित समयभित्रै भरी, भराई सम्बन्धित निकायमा पेश गर्ने ।

४. श्री गृह मन्त्रालय, लागु औषध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ८४५, मिति २०८०-०२-२४ को पत्रबाट लागु औषध नियन्त्रणको क्षेत्रमा सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय र सहभागितामा कार्ययोजनामा उल्लिखित कार्यक्रमहरू सञ्चालन गरी यही जुन २६, २०२३ (असार ११, २०८०) का दिन जिल्लामा लागु औषध दुरूपयोग तथा अवैध ओसार-पसार विरूद्धको अन्तर्राष्ट्रिय दिवस सप्ताहव्यापी रूपमा भव्यताकासाथ मनाउन लेखी आएको सन्दर्भमा प्राप्त कार्ययोजनामा उल्लिखित कार्यक्रमहरू आयोजना/सञ्चालन गरी जिल्लामा सप्ताहव्यापी रूपमा भव्यताकासाथ दिवस मनाउने सन्दर्भमा सो को आवश्यक व्यवस्थापन/संयोजन लागु औषध पुनर्स्थापना केन्द्रहरूले आपसी समन्वयमा गर्ने ।

५. श्री गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ९९४, मिति २०८०-०३-०३ को पत्रबाट जिल्लास्तरमा विश्व योग दिवस मनाउने व्यवस्थाका लागि लेखी आएको सन्दर्भमा यही जुन २१, २०२३ (असार ६, २०८०) का दिन जिल्लास्तरमा विश्व योग दिवस मनाउन सो को आवश्यक व्यवस्थापन/संयोजन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरले गर्ने ।

६. चालु आर्थिक वर्ष २०७९/०८० मा आ-आफ्नो कार्यालयबाट सम्पादित क्रियाकलापहरूको वार्षिक प्रतिवेदन तयार गरी समयभित्रै तालुक निकायमा पठाउने र सो को जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई समेत दिने ।

२०८०/०३/०८

निमित्त प्रमुख जिल्ला अधिकारी